काभ्रे धुलिखेल न.पा. स्थित काठमाण्डौं विश्व विद्यालयका तर्फबाट उपकुलपती डा. सुरेश राज शर्मा (प्रथम पक्ष)
श्री चन्द्र प्रकाश खेतान (द्धितीय पक्ष) बिच निम्न शर्तहरुको अधिनमा रहि छात्रावास बनाउन सहमति भएकोले यो करारनामा गरि लियौं दियौं ।

**शर्तहरु**

(१) प्रथम पक्षले निर्माण हुने छात्रावासको लागत ईस्टिमेट नक्सा द्धितीय पक्षलाई हस्तान्तरण गर्नु पर्नेछ

(२) द्धितीय पक्षले सो छात्रावासमा लाग्ने रु ६३,७१,९०४।- अक्षरेपी त्रीसठ्ठी लाख एकहत्तर हजार नौ सय चार रुपैया मध्ये रु ४०,००,०००।- अक्षरेपी चालिस लाख रुपैया मात्र सहयोग स्वरुप प्रदान गर्नेछ ।

(३) प्रकरण २ मा उल्लेख भएको रु ४०,००,००।- अक्षरेपी चालिस लाख रुपैया मध्ये रु २०,००,०००।- अक्षेरुपी बीस लाख रुपैया यो करारनामा भएको ७ दिन भित्र प्रथम पक्षलाई द्धितीय पक्षले भुक्तानी गर्नेछ । र बांकी रु २०,००,०००।- अक्षेरुपी बीस लाख रुपैया पहिलो किस्ता भुक्तानी भएको मितिले एक वर्ष भित्र भुक्तानी गर्नेछ ।

(४) प्रथम पक्षले निर्माण गरिने प्रस्तावित छात्रावासको लागि द्धितीय पक्षले सहयोग गर्ने रकम रु ४०,००,०००।- अक्षरेपी चालिस लाख रुपैया भन्दा जति सुकै बढि लागे पनि प्रथम पक्ष स्वयम् आफैले व्यहोर्ने छ ।

(५) छात्रावासको नामाकरण निर्माण कार्य पुरा हुन अघि द्धितीय पक्षले प्रस्ताव गरे बमोजिम प्रथम पक्षले राख्नेछ ।

(६) प्रस्तावित छात्रावासका लागि तेस्रो पक्षबाट सहयोग प्रथम पक्षले लिन पाउने छैन।

(७) यस करार संवन्धमा कुनै विवाद उठेमा दुबै पक्षको सहमतिले कुनै सस्था/व्यक्तिबाट मध्यस्थता गर्नुपर्नेछ ।

ईति संवत् २०६१ साल माघ १८ गते रोज २ शुभम्

उपकुलपती डा. सुरेश राज शर्मा
प्रथम पक्ष

श्री चन्द्र प्रकाश खेतान
द्धितीय पक्ष

साक्षि:

साक्षि: